# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# भ्यागुते, प्यूठान

## आ.व. २०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

### २०८२ असार, २४

## गाउँपालिकाको सामान्य परिचय

झिमरुक गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत प्युठान जिल्लामा रहेको छ । झिमरुक गाउँपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णयअनुसार माननीय संघिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका ओखरकोट, बौदिकोट, वांगेमरोठ, तोरबाड र तुषारा गा. वि. स गरि ५ वटा गा. वि.स र लिवाङ गा.वि.स का ७, ८, र ९ वडा समावेश गरी भएको हो। यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ। २०७८ को जनगणना अनुसार झिमरुक गाउँपालिकामा घरधुरी ६५३४, कुल जनसंख्या २६१३० महिला १४४९९ पुरुष ११६३१ रहेको छ। झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पर्दछ भने, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान न.पा. पर्दछ, उत्तरमा नौबहिनी गाउँपालिका पर्दछ र दक्षिणमा प्यूठान

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**जनसंख्या: २६१३०**(११६३१ पुरुष १४४९९ महिला )
२०७८ को जनगणना अनुसार
**क्षेत्रफल:** १०६.९२ वर्ग कि.मी
विद्यालय:सरकारी तथा निजि सहित ५४
स्वास्थ्य चौकी संख्या: ५
आधारभूत स्वास्थ्य सेवा केन्द्र : ३
सामुदायिक स्वास्थ्य इकाई २
घरधुरी संख्या: ६५३४
जम्मा वडा: ८

## पर्यटकीय तथा सांस्कृतिक क्षेत्र


- इख्राथान -भेडी राख्रे चौर , मर्कावार्ड
- ओखरकोट काठ घर -भुल्के महादेव मन्दिर ४ नं वडा
- रकगार्डेन -बाङ्केकोट ४ नं वडा
- ढुंगेबगैचा टिमुरचौर - ब्राहाथान १ नं वडा
- गडीकोट आलमदेवी मन्दिर
- तुषारा कोट घर
- दिहाल्ना खेलकुद मैदान
- नेपाने खेलकुद मैदान

**मुख्य सडकहरु**

- बाग्दुला -मच्छी-ठुलाबेसी - किटघाट कुता दियाल्ना
- मच्छी- सौतामारे-पुर्कोट दह - झाक्रेढुङ्गा सडक
- मच्छी -नब्बे थापाचौर-बादिकोट - झिमरुक रिङरोड
- मच्छी टाडा पोखरी ओखरकोट बादीकोट सडक
- मच्छी- ढाँड गब्दी-टिमुरचौर
- मच्छी-ढाँड गब्दी- तुषारा-कुता

# झिमरुक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय



झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# सूचना ,संचार तथा सामाजिक संजालमा झिमरुक गाउँपालिका

- वेवसाइट:- www.jhimrukmun.gov.np
- ईमेल :- info@jhimrukmun.gov.np / jhimrukmun@gmail.com
  शाखा/एकाई/वडा कार्यालय/स्वास्थ्य संस्थाका आ-आफ्नै सरकारी ईमेल ठेगाना संचालनमा रहेको
- फेसवुक :- www.facebook.com/jhimrukmun
- टुइटर :- www.twitter.com/jhimrukmun
- युट्युव :- झिमरुक गाउँपालिका भ्यागुते, प्यूठान
- सूचना अधिकारीको नं. :- ९८४७८५६१०४, ९८५७८६८०२४

# प्रस्तुतिकरणका विषयहरू

(क) परिचय

(ख) आय, व्यय र राजश्वको विवरण

(ग) आ.व. २०८१/०८२ मा सम्पादित मुख्य मुख्य कार्यहरू एवम् उपलब्धिहरू

१. सेवा प्रबाह तथा सुशासनसँग अन्तर्सम्बन्धित क्षेत्र

२. योजना, पूर्वाधार विकाससँग अन्तर्सम्बन्धित क्षेत्र

३. आर्थिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

४. सामाजिक विकाससँग अन्तर सम्बन्धित क्षेत्र

५. सूचना प्रविधिसँग अन्तरसम्बन्धित क्षेत्र

(घ) गाउँपालिकाका अवसर, संम्भावना र चुनौतीहरु

# आ.व. २०८१/०८२ को

१. आय
२. व्यय
३. राजश्वको विवरण

# आ.व. २०८१/०८२ को आय

प्रस्तावित आय: ६० करोड १० लाख

वास्तविक आय :५५ करोड ८९ लाख ४५ हजार ६ सय ८५ रुपैया १४ पैसा

आम्दानी प्रतिशत: ९३ %

मौज्दात :४ करोड २० लाख ५४ हजार ३१४ रुपैया ८६ पैसा

# आ.व. २०८१/०८२ को हालसम्म को व्यय

## बार्षिक वजेट: ६० करोड १० लाख

## हालसम्म खर्च :४५ करोड ३२ लाख ४ हजार ५ सय ७४ रुपैया ७४ पैसा

## खर्च  प्रतिशत: ७५.४ %

## मौज्दात :१४ करोड ७७ लाख ९५ हजार ४ सय २५ रुपैया २६ पैसा

# आ.व. २०८१/०८२ को पुजिगत तर्फ

बार्षिक वजेट : २० करोड ७६ लाख

हालसम्मको खर्च :१२ करोड ५५ लाख

खर्च प्रतिशत :६०.४७ %

## चालुतर्फ

बार्षिक बजेट:३९ करोड ३३ लाख ९० हजार ५ सय

हालसम्मको खर्च : ३२ करोड ७६ लाख ६१ हजार ५ सय ४३

खर्च प्रतिशत : ८३.२९ %

# १. सेवा प्रवाह तथा सुशासनसंग अन्तर्सम्बन्धित क्षेत्र

- स्थानीय तह संस्थागत स्वमुल्याङ्कनबाट आ.व २०८१/०८२ मा ८४.२५ प्रतिशत अङ्क प्राप्त भएको।
- यस अवधिमा गाउँ कार्यपालिकाको ७ वटा बैठक वसी विभिन्न महत्वपूर्ण निर्णयहरू गरेको ।
- विपन्‍न नागरिक औषधी उपचार सहुलियतको लागि निर्देशिकाले तोके बमोजिमका रोगहरुको उपचारको लागि लुम्बिनी प्रदेश सरकारबाट उपलब्ध हुने हुने २ लाख बराबरको सहुलियत उपचारको लागि ११ वटा र संघीय सरकारबाट रु. १ लाख बरावरको सहुलियतको लागि २८ वटा बिपन्न बिरामीलाई सिफारिस गरिएको छ ।
- विपद् व्यवस्थापन समितिको बैठक वसि विपद् स्वयंसेवकलाई तालिमको आयोजना गर्ने, विपद् जोखिम क्षेत्रको पहिचान गर्ने, स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापनलाई समावेश गर्ने, स्थानीय आपतकालिन कार्य संचालन केन्द्र सञ्चालन

# सेवा प्रवाह तथा सुशासन संग  अन्तर्सम्बन्धित क्षेत्र

- विपदका कारण घर गोठ संरक्षणका लागी ४० घरधुरी परिवारलाई ४३ थान त्रिपाल उपलव्ध गराईएको ।
- शारिरीक असक्षम भएका ३ जनालाई बैशाखी उपलव्ध गराईएको ।
- बाढी पहिरोका कारण घर तथा खेत संरक्षणका लागी ५७ घरधुरी परिवारलाई १४६ थान ग्याविन जाली  उपलव्ध गराईएको ।
- विपदको कारण खानेपानी क्षती भई समस्यामा परेका विभिन्न खानेपानी आयोजनालाई  २० mm को १६५० मिटर, २५ mm को २०० मिटर , ३२ mm को १२० मिटर , ४० mm को १०० मिटर ६३ mm को ३ मिटर , ७५ mm को ५ मिटर र ९० mm को १५ मिटर गरी जम्मा २१०३ मिटर  खानेपानी पाईप वितरण गरिएको ।
- आ.व. मा जम्मा १० वटा घर  अभिलेखिकरण गरिएको ।

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# सेवा प्रवाह तथा सुशासन संग अन्तर्सम्बन्धित क्षेत्र

| सि.नं. | विवरण | यस अवधिमा भएका | कैफियत |
|---|---|---|---|
| १ | सम्पन्न भएका गाउँसभा | २ | |
| २ | कार्यपालिका बैठक | १६ | |
| ३ | विपन्न तथा आर्थिक सहायता | १३१ जना घरपरिवार | |
| ४ | प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा सिफारिस | १० जना | प्रदेश सरकारले सुचिकृत गरेका अस्पतालहरुमा |
| ५ | विपन्न नागरिक औषधि उपचार सिफारिस | २६ जना | संघिय सरकारले सुचिकृत गरेका अस्पतालहरुमा |
| ७ | विपद्मा परेकाहरुलाई राहत | ८८ जना | गाउँपालिकामा परेका निवेदनका आधारमा |

# सेवा प्रवाह तथा सुशासन संग अन्तर्सम्बन्धित क्षेत्र

| सि.नं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राइभेट फर्म दर्ता | ९२ | |
| २ | प्राइभेट फर्म नविकरण | ७७ | |
| ३ | प्राईभेट फर्म खारेजी / फिर्ता | १२ | |
| ४ | ज्येष्ठ नागरिक परिचय पत्र वितरण | ५ | |
| ५ | अपाङ्ग परिचय पत्र वितरण | २ | |
| ६ | सहकारी संस्था नविकरण | १४ | |
| ७ | व्यावसाय/ संस्था दर्ता | ११८ | |
| ८ | व्यावसाय र संस्था नविकरण | १९ | |
| ९ | घ वर्गको ईजाजतपत्र | २९ | |

# सेवा प्रवाह तथा सुशासन संग अन्तर्सम्बन्धित क्षेत्र

## व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

### झिमरुक गाउँपालिका

ल्ला : प्युठान गा.पा/न.पा.: झिमरुक दर्ता मिति देखि : २०८२-०१-०१ दर्ता मिति सम्म : २०८२-०३-२४

| | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| डा नं. | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| | १७ | १५ | | ३२ | २ | ६ | | ८ | १ | ९ | | | ४ | २२ | | ५४ |
| | १७ | १५ | | ३२ | २ | ५ | | ७ | | १३ | | | २ | ६ | | ५४ |
| | १५ | २० | | ३५ | ७ | ९ | | १६ | २ | ११ | | | १ | ५ | | ६५ |
| | १३ | १३ | | २६ | ३ | २ | | ५ | | १७ | | | ३ | ७ | | ५१ |
| | ९ | ५ | | १४ | ३ | | | ३ | १ | ८ | २ | ५ | ५ | १५ | | ३३ |
| | १५ | १७ | | ३२ | ५ | ४ | | ९ | १ | ११ | १ | ४ | ७ | २९ | | ६१ |
| | १ | २ | | ३ | १ | १ | | २ | १ | १५ | | | ६ | १९ | | २७ |
| | ११ | १२ | | २३ | ३ | १ | | ४ | | ११ | | | १ | ५ | | ३९ |
| म्मा | ९८ | ९९ | ० | १९७ | २६ | २८ | ० | ५४ | ६ | ९५ | ३ | ९ | २९ | १०८ | ० | ३८४ |

# महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा र न्यायीक शाखा

१. न्यायिक समितिको बैठक ९ वटा

२. अपाङ्ग समन्वय समितिको बैठक ३ वटा

३. अपाङ्ग परिचय पत्र वितरण कार्यक्रम   क वर्ग-२,  ख वर्ग-४ ,ग वर्ग -२ र घ वर्ग -१ गरि जम्मा ९

४. जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यक्रम  - ३ जना

५. २८ जना मेलमिलाप कर्ताहरुबाट न्याय निरुपणमा सहजिकरण

६. झिमरुक गाउँपालिका भित्रका १२ वटा मा.वि. १ क्याम्पसका १३२० जना विद्यार्थी तथा शिक्षकहरुको सहभागितामा न्यायिक शिक्षा सम्वन्धी जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।

७.  ४८ जना महिला स्वास्थ्य स्वंम सेविकालाई कानुनी शिक्षा सम्वन्धी तालिम सम्पन्न

# महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा र न्यायीक शाखा

१. विवाद दर्ता १३ वटा

२. उजुरी फर्सोट ६ वटा

# जिन्सी शाखा तर्फ

१.कार्यालयमा सि.सि.क्यामरा खरिद गरी जडान गरिएको छ ।

२.प्रत्येक वडामा रंगिन प्रिन्टर र इलेक्ट्रि फिल्टर जडान कार्य अगाडी बढाएको छ ।

३.गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार साब्बल/गल-४० ओटा, गैटी-४० ओटा, बेल्चा-४० ओटा, फरुवा-४० ओटा, कोदालो-४१ ओटा, नायलन रसी-१ थान, ग्याविन जाली-१६ थान र त्रिपाल-५० थान खरिद कार्य गरिएको छ ।

४. हालसम्म त्रिपाल-१२ थान, ग्याविन जाली-२२ थान र पाइप वितरण गरिएको छ।

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# २. योजना, पूर्वाधार विकाससँग अन्तर्सम्बन्धित क्षेत्र

## योजनाको विवरण

| क्र. स. | कामको बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २४८ | |
| २ | सम्झौता भएका योजना | २४८ | |
| ३ | हालसम्म सम्पन्न भएर टिप्पणी उठेका योजना | २२१ | |

# पूर्वाधार विकास शाखातर्फ

- बाग्दुला मच्छी सडक खण्ड अन्तर्गत बाटोको स्तरोन्नती गर्ने कार्य जारी रहेको
- बालुवा, बडाचौर,चिफ्लेटी काउलेफेदी सडक स्तरोन्नती
- नब्वे , भेडाबारी , बेवरे , नारीकोट सडक स्तरोन्नती
- स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अन्तर्गत तिनवटा विद्यालयहरुमा ४ कोठे भवन निर्माण
- ढाँड रकगाडेन पुर्वाधार निर्माण सम्पन्न
- ईख्रााथान पुर्वाधार निर्माण सम्पन्न
- एम.सी समाज व्राह मन्दिर घेरावार सम्पन्न
- मैदान गहतेरा मोटरबाटो निर्माण सम्पन्न
- लक्ष्मी मा.वि. भवन मर्मत सम्पन्न
- मैनाके खेलकुद मैदान निर्माण सम्पन्न
- झिमरुक गाउँपालिका जाने बाटो निर्माण सम्पन्न

# प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको विवरण

| क्र. स. | विवरण | संख्या |
|---|---|---|
| 1. | वैदशिक रोजगारीको लागि श्रम स्वीकृत गर्नको लागि सहजिकरण गरिएको सेवाग्राही संख्या | ८७ जना |
| २. | १०० दिनको रोजगारीमा संलग्न व्यक्तिको संख्या | ८४ जना (८ वडा गरेर) |
| ३. | आठ वटै वडाका आयोजना सम्पन्न भएका छन । | |

# ३. आर्थिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## लघुउद्यम विकास कार्यक्रम अन्तर्गत

| सि.नं. | कार्य विवरण | सहभागी सङ्ख्या | स्थान | जम्मा बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १० दिने सरफ र सावुन उत्पादन सम्वन्धी सिप विकास तालीम | १६ | झिमरुक ८ | १९९२१० । | |

# ३. आर्थिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## पशु विकास शाखा बाट भएका क्रियाकलापहरु:-

- १.पशुपन्क्षिका औषधि वितरण तथा उपचार सेवाः
- १२५७ जना कृषकले सेवा लिएको
- ५३१४ भेडाबाख्राहरुमा उपचार तथा औषधि वितरण
- ४५४ गाईभैसिको उपचार तथा औषधि वितरण
- २० वटा पशुको गोवर परिक्षण तथा उपचार
- ३ ओटा पशुमा कृतिम गर्भाधान गरेको
- २ भेडाबाख्राहरुमा लाग्ने महामारी पि.पि.आर. रोग बिरुद्धको खोप
- १५००० भेडाबाख्राहरुमा खोप लगाएको

# कृषि विकास शाखावाट भएका कार्यक्रमहरु

- स्थानीय कृषि तथा पशुजन्य उपजको खरिद बिक्रीमा सहजीकरण गर्ने उद्देश्यका साथ झिमरुक गा.पा.५ मच्छीमा कृषि हाट बजार केन्द्र निर्माण सम्पन्न भएको,
- टिमुर खेतिको प्रवर्द्धनको लागि झिमरुक ८ टिमुरचौरमा अभिमुखीकरण कार्यक्रमका साथसाथै टिमुररोपण कार्यक्रम सम्पन्न भएको,
- अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत झिमरुक गाउँपालिका अन्तर्गतका ६ जना अगुवा कृषकहरुलाई सामाजिक सुरक्षा कोषमा समावेश गरिएको

# कृषि विकास शाखावाट भएका कार्यक्रमहरु

- किसान सूचीकरण कार्यक्रम अन्तर्गत अघिल्ला वर्षहरुमा छुटफुट भएका २२० जना झिमरुक गाउँपालिका अन्तर्गतका कृषकहरुको तथ्याङ्क संकलन गरि अनलाईन प्रणालीमा प्रविष्ट गरिएको,
- आ.व. २०८१/०८२ मा संघीय सशर्त तर्फ बाट हस्तान्तरित भएको कार्यकमबाट झिमरुक ७ तुषारामा ११ हेक्टर क्षेत्रफलमा नयाँ सुन्तलाको पकेट स्थापना गरिएको,
- मकैमा गम्भीर समस्याको रुपमा देखिएको फौजी किरा र फेद कटुवा किरा नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत विषादी खरिद गरि वितरण गरिएको।

# ४. सामाजिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## खानेपानी तथा सरसफाई ,तर्फ

१.खानेपानि तथा सरसफाई स्वच्छता सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न

२. खानेपानी परीक्षण तथा व्यवस्थापन कार्यक्रम सम्पन्न

३. NWASH MIS मा रहेका डाटाहरुलाई अध्यावधिक गर्ने कार्य सम्पन्न

# ४. सामाजिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## शिक्षा, युवा तथा खेलकुद तर्फ तेस्रो चौमासिक प्रगती विवरण

१.श्री अमर प्रा.वि.झिमरुक-१ बालुवा, श्री बालज्योति ने.रा.आ.वि.झिमरुक-३ कुटेडाँडा र श्री बालसुधार प्रा.वि.झिमरुक-६ थारुखर्कमा शौचालय सहितका ३ वटा ४ कोठे भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको

२. ५३ जना IT स्रोत शिक्षक तथा ३५ जना कक्षा १-३ सम्म अध्यापन गराउने शिक्षकहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिएको।

३. उत्कृष्ट सिकाइ उपब्धीमा आधारित शिक्षा पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न भएको।

४. श्री सीता मा.वि.झिमरुक -७ मा पुस्तकालय स्थापना तथा सञ्चालन कार्यक्रम सम्पन्न भएको।

५. स्थानीय पाठ्यपुस्तक हाम्रो झिमरुक निर्माण भई छपाई कार्य भएको।

# ४. सामाजिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## महिला बालवालिका तथा जेष्ठ नागरिक तर्फ

- अपाङ्ग परिचय पत्र वितरण संख्या : २ जना
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण संख्या : २ जना
- एकल महिला भत्ता वितरण गरिएको महिलाको संख्याः १७ जना
- अपाङ्ग सहायक सामग्री खरिद तथा वितरण गर्ने कार्य सम्पन्न
- विद्यालय स्तरिय बाल विवाह न्यूनीकरण कार्यक्रम सम्पन्न
- विद्यालय स्तरिय लागु औंसधि नियन्त्रण कार्यक्रम सम्पन्न

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# ४. सामाजिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## झिमरुक गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा गरिएका केहि मुख्य कार्यहरु

१.झिमरुक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा १४१ जना गर्भवती महिलो भिडियो X-Ray गर्नेकार्य सम्पन्न

२.विद्यालय स्वास्थ्य तथा पोषण अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

३.झिमरुक गा.पा.र GIZ परियोजनाको संयुक्त आयोजनामा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको १ दिने योजना तर्जुमा गोष्ठी सम्पन्न

४.स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मिहरुलाई ELMIS तालिम कार्यक्रम सम्पन्न

५.स्वास्थ्य संस्थामा औंसधि वितरण

६.HIV संङक्रमिमहरुलाई पोषण प्रोत्साहन स्वरुप प्रदान गरिएको

७.मृगौला पिडित , क्यान्सर लगायतका ५० विरामीहरु लाई मासिक ५००० का दरले औसधी उपचार बापतको रकम प्रदान गरिएको छ।

# ४. सामाजिक विकाससँग अन्तरसम्बन्धित क्षेत्र

## झिमरुक गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा गरिएका केहि मुख्य कार्यहरु

८.मृगौला प्रत्यारोपण गरेका , डायलासिस गराईरहेका,क्यान्सर विरामीहरु र मेरुदण्ड पक्षघात भएका ५० जना विरामिहरुलाई मासिक ५००० का दरले औसधि उपचार वापतको रकम प्रदान गरेको

९.६० बर्ष माथिका जेष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वमं सेविका लाई नरेन्द्र गायत्री आखाँ उपचार केन्द्रमा ६९८ जनाको उपचार भएको

१०. झिमरुक गाउँपालिका भित्रका ३६५ जना गर्भवती महिलाहरुलाई यातायात बापतको रकम उपलब्ध गराउने काम सम्पन्न

११. निशुल्क स्वास्थ्य विमा ८० घरपरिवारलाई वितरण

१२. ८० बर्ष उमेर पुगेका जेष्ठ नागरिक र अति अशक्त क र ख वर्गका व्याक्तिहरुलाई घरभेट कार्यक्रम सेवा प्रदान गरिएको छ ।

# बहुक्षेत्रीय पोषण कार्यक्रम

- ८ वटै वडामा २४० जना सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि आयआर्जन कार्यक्रम संचालनका लागी प्रतिव्याक्ति २५ हजारका दरले अनुदान वितरण गर्ने कार्य सम्पन्न
- ८ वटै वडामा सुनौलो हजारदिनका आमाहरुलाई पोषण तथा सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन

# ५. सूचना प्रविधिसँग अन्तरसम्बन्धित क्षेत्र

- गाउँपालिकाबाट प्रकाशित हुने ऐन, कानुन,प्रतिवेदन,जनप्रतिनिधि तथा कर्मचारीको फोन नं. र अन्य , सुचनाहरू लगाएत धेरै विवरण वेवसाइट मार्फत सुचना प्रवाह गर्ने कार्य गरिएको छ ।
- सुशासन कायम गर्ने उदेश्यले गाउँपालिका लगायत गाउँपालिका भित्रका सवै वडा तथा स्वास्थ्य चौकीहरुमा ईन्टरनेट तथा कम्प्युटर सम्वन्धी समस्याहरु लाई समाधान गर्ने कार्य गरिएको छ ।
- गाउँपालिका मा हुने विभिन्न गतिविधिहरुलाई पालिकाको आधिकारीक फेसबुक पेज मार्फत सार्वजनिक गरी सुचनाको हकको कार्यान्वयन गरिएको ।

# ५. सूचना प्रविधिसँग अन्तरसम्बन्धित क्षेत्र

१) प्रदेश तथा संघसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय गर्ने सम्बन्धी कार्य गरिएको छ ।

२) सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क कम्प्यूटराइज्ड गर्ने र कम्प्यूटरराइज भएका विवरणहरुलाई सुरक्षित रुपमा राख्ने कार्य गरिएको छ ।

३) गाँउपालिकामा हुने प्रशासनीक कार्यहरुलाई सहयोग गर्ने कार्य गरियको छ ।

# ६. गाउँपालिकाका अवसर, संम्भावना र चुनौतिहरु

## चुनौतीहरु

- राजश्वको दायरा विस्तार गरी सवै क्षेत्रलाई करको दायरामा ल्याउनु ।
- गाउँपालिकाको सिमित स्रोत साधनबाट नागरिकका असिमित आवश्यकता पुरा गर्नु
- अधिकार मात्र खोज्ने तर कर्तव्यको बारेमा वेवास्ता गर्ने आम प्रवृती ।
- स्थानीय निकायलाई बिभिन्न श्रोतबाट प्रदान हुने वित्तीय हस्तानतरणहरु पुर्वनिर्धारित सिमा भन्दा कम प्राप्त हुनु ।
- आन्तरिक आय अनुमान अनुसार परिचालन हुन नसक्नु ।
- पुर्वसम्भाव्यता अध्ययन विना आयोजना कार्यक्रमहरु छनौट हुँदा कार्यान्वयनमा अवरोध आउनु ।
- संघ तथा प्रदेशबाट स्थानीय तहलाई आवश्यक कानूनहरुको समयमानै पारित नहुन ।
- आर्थिक वर्षको अन्त्यमा प्राप्त हुने बजेट कार्यक्रम कार्यान्वयन गर्न नसकिनु ।
- दक्ष र दरबन्दी बमोजिम कर्मचारीको अभाव हुनु ।

# ६. गाउँपालिकाका अवसर, संम्भावना र चुनौतिहरु

## समस्या समाधानका उपायहरु

- स्थानीय निकायलाई बिभिन्न श्रोतबाट प्रदान हुने वित्तीय हस्तानतरणहरु पुर्वनिर्धारित सिमा अनुसार प्राप्त हुनुपर्ने ।
- आन्तरिक आय अनुमान बास्तबिकतामा आधारित रही गर्ने र निर्धारित आय संकलनमा कर्मचारी तथा जनप्रतिनिधिहरुले तदारुकता देखाउनु पर्ने ।
- पुर्वसम्भाव्यता अध्ययन गरी आयोजना कार्यक्रमहरु छनौट गर्नुपर्ने ।
- संघ तथा प्रदेशबाट स्थानीय तहलाई आवश्यक कानूनहरुको समयमानै उपलब्ध हुनुपर्ने ।
- जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाई स्थानीय तहको अभिभावकको रुपमा स्थापित गर्नुपर्ने ।

# ६. गाउँपालिकाका अवसर, संम्भावना र चुनौतिहरु

## अवसर र संभावना

- ✓जनताको घर दैलोको सरकारको रुपमा स्थानीय सरकार (Government to the Door.)
- ✓विभिन्न पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरुको आगमन बढाइ आर्थिक उपार्जन गर्न सकिने ।
- ✓विभिन्न कृषि सडकहरुको स्तर उन्नति गरी सहज यातायातको आवागमन ।
- ✓कृषि उत्पादनको सहज वजारीकरणको पहुँच स्थापना ।
- ✓माध्यामिक तहसम्मको शिक्षालाई गुणस्तरीय र सरकारी विद्यालयको विश्वसनियतामा वढावा गर्न सकिने ।
- ✓गाउँपालिका स्तरिय अस्पताल निर्माण गरी स्वास्थ्यमा जनताको सहज पहुँच



# धन्यवाद !!